पैयूँ गाउँपालिका

गाउँ कार्यपालिका बैठक

सम्वत् २०८२।०८।२५ गते आ.ब. २०८२/८३ बैठक सङ्ख्याः- ७

निर्णय नं. १: अघिल्लो कार्यपालिकाको सम्पूर्ण निर्णयहरु कार्यान्वयन भएकोमा सोको समीक्षा गरियो र बाँकी निर्णय कार्यान्वयनका लागि निर्देशन गर्ने निर्णय गरियो।

निर्णय नं. २: पैयूँ गाउँपालिकाको पैयूँ आधारभूत अस्पतालमा स्वास्थ्य बीमा कार्यक्रम सञ्चालनार्थ स्वास्थ्य बीमा बोर्डसँग दुई पक्षीय समझदारी पत्रमा सम्झौता भएता पनि हालसम्म सञ्चालन गर्न असहज भएको तथा हाल सञ्चालनका लागि पूर्ण तयारी अवस्थामा रहेकाले मिति २०८२।०९।०१ गते देखि सञ्चालन गर्ने र सो सञ्चालनका लागि गाउँपालिकाको विविध खर्च खाता स्थापना गरी आगामी गाउँसभाबाट Seed Money को रुपमा २५,००,०००।–(अक्षरेपि पच्चिस लाख मात्र) मागमा आधारित शीर्षकबाट राख्ने निर्णय गरियो।

निर्णय नं. ३: पैयूँ गाउँपालिकाको क्षेत्रभित्र भई बहने सेदिखोलाबाट नियमानुसार ढुङ्गा, गिट्टि, बालुवा (दहत्तर बहत्तर) उत्खननका लागि कार्यालयको सम्झौता बमोजिम परामर्शदाताबाट पेश हुन आएको IEE को प्रारम्भिक रिपोर्टमा प्रभावित क्षेत्रका नागरिक र सरोकारवालाहरुको उपस्थितिमा सार्वजनिक सुनवाइ कार्यक्रमबाट आएका सुझाव तथा गुनासोको आवश्यक सम्वोधन गरी अन्तिम प्रतिवेदन पेश गर्न आवश्यक राय प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं. ४: पैयूँ आधारभूत अस्पतालको अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको मिति २०८२।०८।०४ को निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. ५: पैयूँ गाउँपालिका दर्ता नं. १७७ मिति २०८२।०८।१४ को पत्र बमोजिम गल्छिना खोला पुल नजिक चौतारी निर्माणका लागि आवश्यक अनुमति दिने निर्णय गरियो।

निर्णय नं. ६: दक्षिण पर्वतको सहजतताका लागि पैयूँ गाउँपालिकालाई केन्द्र मानि स्थापना भएको इलाका प्रशासन कार्यालय हुवास पर्वतको च. नं. १६२ मिति २०८२।०८।२४ को आवश्यक सहयोग सम्बन्धमा लिखित पत्रबमोजिम उक्त कार्यालयको नाममा गत आ.व. ०८१/०८२ मा जग्गा प्रासि भएकोमा डि.पि.आर, माटो परीक्षण तथा लागत अनुमान लगायतका प्राविधिक कार्य गर्न बजेट व्यवस्था नभएकाले परामर्श सेवा खरिद गरी उक्त कार्य गर्नका लागि रु ५,००,०००।–(अक्षरेपि चार लाख मात्र) वार्षिक योजनाको मागमा आधारित शीर्षकबाट खर्च गर्नेगरी कार्य प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

निर्णय नं. ७: पैयूँ गाउँपालिकाको पढ्दै कमाउँदै कार्यक्रम अन्तर्गत SEV-IMS मा कार्यरत गणक तथा कर्मचारीलाई कार्यपालिकाको मिति २०८२।४।२६ बमोजिम रु.१०० रुपैयाँ प्रति घरधुरी दिने निर्णय

पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

तोरण मल्ल ठकुरी
अध्यक्ष

पैयूँ गाउँपालिका

गाउँ कार्यपालिका बैठक

सम्वत् २०८२।०८।२५ गते आ.ब. २०८२/८३ बैठक सङ्ख्या:- ७

भएकोमा उक्त रकम आ.व.०८२/०८३ को वार्षिक बजेट अन्तर्गत विविध खर्च शीर्षकबाट नियमानुसार भुक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं. ८:** मानव सेवा आश्रमद्वारा बाग्लुङमा सञ्चालित श्रीमत् भागवत सप्ताह ज्ञान-विज्ञान महायज्ञलाई मानव सेवा आश्रम सञ्चालनार्थ वार्षिक वजेट अन्तर्गत आर्थिक सहायता शीर्षकबाट रु ५०.०००।- (अक्षरेपि पचास हजार मात्र) सहयोग गर्ने निर्णय गरियो।

**निर्णय नं. ९:** पैयूँ गाउँपालिकाबाट सञ्चालित शिक्षक स्वर्णिम अवकाश योजना अन्तर्गत पैयूँ गाउँपालिका क्षेत्र भित्रका विभिन्न सामुदायिक विद्यालयमा अध्यापनरत तपसिलका शिक्षकलाई नियमानुसार करकट्टि गरी तपसिल बमोजिमको प्रोत्साहन रकम उपलब्ध गराउने निर्णय गरियो।

तपसिल

| क्र.स. | नाम | विद्यालय | रकम |
|---|---|---|---|
| १ | विष्णु प्रसाद न्यौपाने | जनसेवा सं.मा.वि. - वडा नं. ४ | १३८९२० |
| २ | हिमलाल पैनी | जनता मा.वि. - वडा नं. ७ | १७३६५० |
| ३ | फूलमाया न्यौपाने | दिपज्योती आ.वि. - वडा नं. ३ | १७३६५० |
| ४ | केदारनाथ शर्मा | क्यामुने भञ्याङ्ग मा.वि. - वडा नं. ५ | १७३६५० |
| ५ | कल्पना अधिकारी | नमुना सरस्वती आ.वि. - वडा नं. १ | १७३६५० |
| ६ | वोधराज शर्मा | वानीडाँडा आ.वि. - वडा नं. ५ | १७३६५० |
| | जम्मा | | १०,०७,१७० |

**निर्णय नं. १०:** पैयूँ गाउँपालिकाबाट प्रकाशित रोजगार संयोजक करारमा पदपूर्ति गर्ने सम्वन्धी प्रथम पटक प्रकाशित सूचनाको (विज्ञपन नं.०२-०८२/८३) आधारमा कर्मचारी छनोट गर्न रोजगार संयोजकको पदपूर्ति तथा सेवा सुविधा सम्बन्धी मापदण्ड,२०७६ को दफा ६ वमोजिम तपसिल अनुसारको पदपूर्ति समिति तोक्ने निर्णय गरियो।

तपसिल

| नाम | श्रेणि | कार्यरत स्थान | तोकिएको पद |
|---|---|---|---|
| नवराज बराल | रा.प. द्धितीय | जिल्ला समन्वय समिति, स्याङ्जा | संयोजक |
| अनिलराज कोइराला | रा.प. तृतीय | ईलाका प्रशासन कार्यालय, हुवास पर्वत | विज्ञ |
| जिवन गैरे | रा.प.तृतीय | पैयूँ गाउँपालिका, पर्वत | सदस्य सचिव |

पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

तेजीरण मल्ल ठकुरी
अध्यक्ष